# प्रभु येशूका उखानहरू - बाइबल अध्ययन उत्तरपुस्तिका, भाग - २

आदरणीय पाठक मित्र, तपाईंले निम्न प्रश्नहरूका जवाफहरू आफ्नो सुविधा अनुसार ईमेलमा एटेच गरी वा हुलाको माध्यमद्वारा प्रेशित गर्नसक्नु हुनेछ ।

# पाठ ८

## बाँझो अर्थात् फल नफलाउने रूखको उखान

संसारमा दिनदिनै दुःखलाग्दा घटनाहरू घटिरहेका छन् । सायद तपाईंको जीवनमा पनि यस्तो भटना घटेको छ होला । तपाईंको घर वा तपाईंको गाउँमा अवश्य पनि नरमाइला घटनाहरू घटेका छन् होला । 'यी दुःखकष्टहरू किन हामीमाथि आइलाग्छन् ? एउटाले अर्कोभन्दा बढ्ता आपत्ति किन भोग्नुपर्छ ? मलाई किन यस्तो ?' यस्ता प्रश्नहरू हाम्रो मनमा उठ्छन् र यी सबै प्रश्नहरूको जवाफ हामी नपाउन सक्छौं । तर हामीमाथि आइपरेका दुःखहरूबाट हामीले केही न केही शिक्षा लिनुपर्छ । यो परमेश्वरको इच्छा हो । यसैकारण आज प्रभु येशू हामीलाई यस विषयमा सिकाउनुहुन्छ ।

### क – मानिसमाथि आइपर्ने आपत-विपातहरूबाट प्रभुको शिक्षा

१. इस्वी संवत् २६ सालमा रोमी सरकारले पिलातुस नाम गरेको राज्यपाललाई आफूले कब्जा गरेको इस्राएल देशमाथि शासक बनायो । तिनको पालोमा रोमी कानुन भङ्ग गर्नेहरूले, साथै परमेश्वरको भय मान्ने यहूदीहरूले ज्यादै दुःख भोग्नुपर्थ्यो; किनभने पिलातुस परमेश्वरको डर नराख्ने, क्रूर शासक थिए । एक दिन गालील प्रदेशका कति मानिसहरूले यरुशलेममा बलिदान चढ़ाइरहेका थिए । त्यस बेला तिनी गएर उनीहरूलाई मारे । यी मारिएका गालीलका मानिसहरूको विषयमा प्रश्न उठ्यो ।
   यस सम्बन्धमा प्रभु येशूले के प्रश्न गर्नुभयो ? खाली ठाउँमा भर्नुहोस्
   "के ती गालीलीहरूले यस्ता कुराहरू ...तिनीहरूचाहिँ सबै ...भनी तिमीहरू सम्भन्छौ ?

२. ठूला पापीहरू मात्र आपत्तिमा पर्छन् र आफ्नो पापको फल भोग्नुपर्छ भनी हामीमध्ये कतिले सोच्छौं । तर प्रभु येशूले हामीमाथि आइपर्ने दुःखको अर्को कारण बताउनुहुन्छ । उन्नति गर्ने मानिस अरुभन्दा असल र दुःख पाएको मान्छे अरुभन्दा खराब हुन्छ भनी विचार गर्नु भूल हो ।
   आफूले सोधेको प्रश्नको जवाफमा प्रभुले के भन्नुभयो ? खाली ठाउँ भर्नुहोस्
   म तिमीहरूलाई भन्दछु,...

३. यस संसारमा जब हामी मानिसहरूलाई दुःखमा परेका देख्छौं, तब हामीले एउटा कुरा याद गर्नुपर्छ । संसारमा पाप पसेको छ । पापले गर्दा मृत्यु चारैतिर फैलिएको छ, किनभने सबैले पाप गरेका छन् । यसो हो भने हामी सबै मानिसहरू दोषी र परमेश्वरको दण्ड पाउनु योग्यका छौं । तब आपत परेकोमा हामी गनगन नगरौं, तर बरु नम्र भई आफ्ना पाप मानिलिऔं; किनभने परमेश्वरको ठूलो दयाले गर्दा हामी नष्ट भएका छैनौं, तर आजको दिनसम्म जिउँदैछौं ।
   यसैले आफ्ना पापदेखि पश्चात्ताप गरेनौं भने के हुनेछ ? खाली ठाउँमा भर्नुहोस् ।
   तर तिमीहरूले...
   तिमीहरू सबै त्यही...

४. प्रभु येशूले अर्को दुरघटनाको बारेमा कुरा उठाउनुहुन्छ । यरुशलेममा एउटा अग्लो धरहरा ढलेर धेरैलाई घाइते पारयो र निक्कै मानिसहरूलाई मारयो । तब फेरि प्रश्न उठ्छः उनीहरू किन यसरी मर्नुपरयो ? के उनीहरू घोर पापी भएका हुनाले परमेश्वरले उनीहरूलाई दण्ड दिनुभयो ? होइन ! तर

यस्तो किसिमको घटनाद्वारा परमेश्वरले ठूलो प्रेमको साथ हामी सबैलाई पापदेखि पश्चात्ताप गर्ने चोतावनी दिनुहुन्छ ।

क) सिलोआमको धरहरा ढलेर कतिजना मरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) यसैबाट हामीले के सिक्नुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख) – नेभाराको रुखको उखान

१. जब हामी आफ्नो बारीमा कुनै फलको रुख लगाउँछौं, तब केही वर्षपछि हामी फल खोज्छौं; होइन र ? रुखले फल दिँदैन भने हामी दुःखी हुन्छौं; किनभने हामीले त्यसमा फल पाएनौं । ठीक त्यस्तै फल फलाउने उद्देश्यमा नै परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो । उहाँ हाम्रो जीवनमा असल फल खोज्नुहुन्छ । उहाँले हामीमा कुनै असल फल देख्न पाउनुहुन्न भने उहाँ अफसोस मान्नुहुन्छ; किनभने हाम्रो जीवनमा परमेश्वरको उद्देश्य पूरा भएन ।

क) त्यही मानिसले आफ्नो बारीमा के लगायो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) रुखमा उसले के पाउँछु भन्ने आशा राख्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) कति फल उसले पायो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. फल नफलाउने रुख केही कामको हुँदैन । त्यसले ठाउँ ओगटेको मात्र हो । यसकारण त्यसलाई ढालेर फाल्नु ठीक छ । धेरै मानिसहरू त्यो फल नफलाउने रुख जस्तै छन् । उनीहरूले परमेश्वरको वचन घरीघरी सुन्न पाए तापनि उनीहरूको जीवनमा पश्चात्तापका उचित फल फलेनन् । उनीहरूले आफ्ना पापदेखि पश्चात्ताप गर्ने धेरै मौकाहरू पाइसके, तर गरेनन् । के उनीहरू यस नेभाराको रुखजस्ता होइनन् ?

क) त्यस रुखबाट मालिकले कति वर्षदेखि फल खोज्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) त्यस रुखलाई के गर्नू भनी मालिकले मालीलाई भन्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. परमेश्वरले हामीलाई झट्टै पापको दण्ड दिनुहुन्न, तर हाम्रो जीवनमा पश्चात्तापको फल खोज्दै हामीप्रति धिरजी हुनुहुन्छ भन्ने कुरा देखाउनलाई प्रभु येशूले यो उखान बताउनुभयो । परमेश्वर अति दयालु हुनुहुन्छ । उहाँले हामी हरेकलाई पश्चात्ताप गर्ने मौका दिँदै हुनुहुन्छ । यसकारण ढिलो हुनुभन्दा अघि नै हामी परमेश्वरकहाँ फर्कौं; किनकि हामीले असल फल फलाएनौं भने रुखरुपी हाम्रो जीवन काटिने डर छ ।

क) कति समयसम्म यस रुखलाई स्याहार्न भनी मालीले विन्ती गरचो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख त्यस सयमभित्र यस रुखको लागि मालीले कुन दुईटा काम गर्न चाहचो ?

अ)... आ) ...

ग) त्यसपछि यस रुखले फल फलाएन भने माली के गर्न राजी थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. मत्ती ३:८ र १० पदमा प्रभु येशूले हामी हरेकलाई चेतावनी दिनुहुन्छ । परमेश्वरको सामू हामी कुनै कुरामा घमण्ड गर्न पाउँदैनौं । उहाँको दृष्टिमा जात, धर्म वा उच्च घराना, शिक्षा र पद केही गनिँदैन । पापदेखि पश्चात्ताप गर्ने मानिसलाई परमेश्वरले ग्रहण गर्नुहुन्छ; अरुलाई उहाँ काटेर ननिभ्ने आगोमा फाल्नुहुन्छ । साँचो गरी पश्चात्ताप गर्नेले आफ्ना सबै दुष्ट बाटाहरू छोड़ेर पश्चात्तापको पक्का प्रमाण दिनुपर्छ ।

जसले पश्चात्ताप गर्छ, त्यसले कस्तो किसिमको फल फलाउनुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. यस संसारमा दुष्टहरूको फलिफाप भएको र धर्मी मानिसलाई चाहिँ दु:ख भएको देख्दा हामीलाई एकदम नमीठो लाग्छ। परमेश्वरले किन न्याय गर्नुहुन्न र दुष्ट मानिसहरूलाई दण्ड दिनुहुन्न भनी हामी कहिलेकाहीं मनमा गुनासो गर्छौं । तर यो कुरा हामीले बिर्सनुहुँदैन कि परमेश्वरले कोही पनि नष्ट

भएको चाहनुहुन्न, तर हरेकले पश्चात्ताप गरोस् भन्ने उहाँको इच्छा हो। प्रिय मित्र, परमेश्वरको न्याय हुने दिन चाँडै आउँदैछ, र प्रभु अलिकति पनि ढिलो गर्नुहुन्न। त्यस दिनमा हामी परमेश्वरको धार्मिक न्यायबाट उम्कन चाहन्छौं भने अहिले नै हामीले पश्चात्ताप गर्नुपर्छ।

२ पत्रुस ३:९ पदबाट तलको जवाफ दिनुहोस्। ठिक उत्तरमा चिन्ह लगाउनुहोस्।

अ) परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नमा ढिलासुस्ती गर्नुहुन्छ।

आ) परमेश्वर हामीप्रति धिरजी हुनुहुन्छ।

इ) परमेश्वरले हामीलाई पश्चात्ताप गर्ने मौका दिँदै हुनुहुन्छ।

६. यस पाठमा हामीले अध्ययन गरी थाह पायौं कि सबै मानिसमाथि परिआउने दुःख र कष्टहरू हामीलाई पश्चात्ताप गर्ने चेतावनी दिनको निम्ति हुन्। हामी अन्धा मानिसजस्तै छौं र यो कुरा सजिलो गरी पत्याउँदैनौं; नत्रता हामीले अघि नै सबै पाप त्याग्नेथियौं र पश्चात्ताप गरी प्रभु येशूमाथि विश्वास गर्नेथियौं। हामी कसरी पापमा नाश हुँदैनौं, तर बाँच्न सक्छौं भन्ने कुरा यस बाइबलको पदले हामीलाई भन्दछ। यूहन्ना ३:१६ पदबाट जवाफ दिनुहोस्।

क) हामीलाई नाश हुनदेखि बचाउनको लागि परमेश्वरले कस्तो उपाय दिनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) नाश नहुने, तर अनन्त जीवन पाउने को हुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ ९

## घमण्डी र पश्चात्तापी मानिसको उखान

प्रार्थनाद्वारा हामी परमेश्वरसँग बोल्छौं। परमेश्वर जीवित हुनुहुन्छ। उहाँले साँचो हृदयले चढ़ाएको हाम्रो पुकार सुन्नुहुन्छ। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा प्रार्थना गर्ने मानिसले निश्चित रुपले थाह गर्छ। हामी परमेश्वरमाथि भरोसा राखेका छौं भन्ने प्रमाण हामीले प्रार्थनाद्वारा उहाँलाई दिन सक्छौं। प्रार्थनाद्वारा हामी परमेश्वरका उत्तम दान र आशिषहरू प्राप्त गर्छौं। यसैले प्रार्थना गर्न हामीले सिक्नुपर्छ। प्रभु येशूले हामीलाई यस उखानमा दुईजना व्यक्तिहरूले कसरी प्रार्थना चढ़ाए, सो कुरा बताउनुहुन्छ। एकजनाको प्रार्थना ग्रहणयोग्य थियो, तर अर्कोको प्रार्थना ग्रहणयोग्य थिएन।

### क – घमण्डी मानिसको प्रार्थना

१. प्रभु येशूले यो उखान घमण्डी मानिसहरूलाई सुनाउनुभयो। तिनीहरू आफूमाथि भरोस राख्थे र अरुलाई तुच्छ ठान्थे। तिनीहरू आफ्नो दृष्टिमा धर्मी थिए। तर यस्ताहरूदेखि परमेश्वर टाढ़ो रहनुहुन्छ भन्ने कुरा सबैलाई थाह होस्। उहाँ घमण्डी मानिसको प्रार्थना सुन्नुहुन्न।

क) तिनीहरू आफ्नो दृष्टिमा कस्ता थिए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) तिनीहरूको दृष्टिमा अरु मानिस कस्ता थिए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) प्रार्थना गर्ने दुईजना व्यक्तिहरूमा एकजना फरिसी थियो । फरिसीहरू आफ्नो धर्ममा कठोर थिए । आफ्नो धर्मका सबै नियम उनीहरू पालन गर्न खोज्थे । सानोभन्दा सानो विधिनियममा उनीहरू ध्यान दिन्थे । उनीहरू अरु मानिसहरूबाट अलग बस्ने विशेष यहूदी-धर्मको पन्थका थिए । उनीहरू घमण्डी भए । उनीहरू देखावटी प्रकारले मात्र परमेश्वरको भक्ति गर्थे । यसैले उनीहरू साना छालाका जन्तरहरू निधार र पाखुरामा बाँधिराख्थे, जसमा परमेश्वरको वचनका स-साना लेखिएका टुक्राहरू हालिएका थिए । सबैले देख्ने गरी उनीहरू बहानामा लामा-लामा प्रार्थना गर्थे । उनीहरू जनसभाहरूमा मुख्य आसन पाउन र बजारहुँदो 'सलाम, गुरुज्यू !' भनेर अभिवादन पाउन चाहन्थे । उनीहरूमध्ये एकजना मन्दिरमा प्रार्थना गर्न गयो । प्रभु येशूले उसैको प्रार्थनाबाट हामीलाई शिक्षा दिनुहुन्छ ।

क) प्रार्थना गर्दा फरिसीले आफूलाई म को-कोजस्तो छैनँ भनी ठान्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ)...आ) ...

इ)...ई)...

ख) त्यस फरिसीले आफैलाई अरु मानिसहरूभन्दा असल ठान्यो, किनभने त्यो साधारण मानिसहरूभन्दा धेरै धर्मकर्म गर्थ्यो । घमण्डी भएर त्यसले यसैको निम्ति परमेश्वरलाई धन्यवाद, चढ़ायो । तर त्यसले एउटा मुख्य कुरा बिर्स्यो: आफ्नो प्रशंसा गर्नु ठीक छैन, तर जसको प्रशंसा प्रभुले गर्नुहुन्छ, ऊ ग्रहणयोग्य हुन्छ । अनि जसले गर्व गर्छ उसले प्रभुमा गर्व गरोस् । परमेश्वरको सामु हाम्रा धर्मकर्म थोत्रा थाङ्नाझैं छन् । तब के हामी यी धर्मका कामहरूको खातिर परमेश्वरको सामु आफ्नो प्रशंसा गर्ने ? यो कदापि ठीक छैन ।

अ) हप्तामा त्यो फरिसी कति खेप उपवास बस्थ्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

आ) कुन-कुन थोकबाट त्यस फरिसीले दसौं अंश चाढ़उँथ्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख – पश्चात्तापी मानिसको प्रार्थना

१. फरिसीहरू आफूलाई अरु यहूदीहरूभन्दा असल ठान्थे । तर अरु जातिका मानिसहरूलाई उनीहरू घृणा गरेर कुकुरसरह सम्झन्थे । यसैले रोमी सरकारले इस्राएल देशलाई कब्जा गरेको समयदेखि फरिसीहरू त्यस अन्यजातिको शासनको विरोध गर्थे । महसूल उठाउनेहरू रोमी सरकारको नोकरी गर्थे । यसो गर्दा साथै उनीहरूले उठाउनुपर्ने भन्दा बढ़ी कर उठाएका हुनाले उनीहरू तुच्छ मानिसहरू गन्निथे । उनीहरूमध्ये एकजनाले प्रार्थना गरचो । उसको प्रार्थना फरिसीको भन्दा एकदम फरक थियो । परमेश्वरको पवित्र उपस्थितिमा उसले आफ्नो पापी अवस्था थाह पायो । परमेश्वरको सामु नम्र भई

उसले पापदेखि पश्चात्ताप गर्‍यो । आफ्ना पाप मानिलिएर उसले अरु केही चाहेन, तर केवल परमेश्वरको दया पाउने आशा गर्‍यो ।

क) त्यो महसूल उठाउने कहाँ उभियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) उसले के गर्न सकेन ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) उसले पापदेखि पश्चात्ताप गरेको छ भन्ने कुरा हामी केबाट थाह पाउँछौं ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) प्रार्थना गर्दा उसले परमेश्वरलाई के भन्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ग – परमेश्वरको फैसला

१. मानिसको दृष्टिमा फरिसी धर्मी र महसूल उठाउनेचाहिँ पापी गनिन्छ । तर परमेश्वरको विचारमा को धर्मी ठहरियो ? उहाँको दृष्टिमा धर्मकर्ममा घमण्ड गर्ने फरिसी दोषी छ । यसैले त्यसले पापी मनले चढ़ाएको प्रार्थना उहाँले ग्रहण गर्नुभएन । महसूल उठाउने मानिस पापी नै थियो; तापनि परमेश्वर उसको प्रार्थना सुन्नुभयो । किनभने उसको हृदयमा परमेश्वरले साँचो पश्चात्ताप र नम्रता देख्नुभयो । उसले आफूमाथि होइन, तर दया गर्नुहुने परमेश्वरमाथि भरोसा राख्यो।

क) दुईजनामा को धर्मी ठहरियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. प्रभु येशूले यस उखानको अन्तमा हामीलाई एउटा आत्मिक नियम बताउनुहुन्छ, जुनचाहिँ सधैं, सबै ठाउँहरूमा र सबै मानिसहरूको निम्ति लागू हुन्छ । यसकारण यस नियमको अर्थ हामी बुझ्ने कोशिश गरौं । परमेश्वरको सामु हामी आफूलाई कहिल्यै उचाल्नुहुँदैन; तर उहाँको उपस्थितिमा हामी सधैं नम्र र दीन भई प्रार्थना गरौं, र विश्वाससाथ उहाँको कृपा खोजौं ।

क) आफूलाई उचाल्ने व्यक्तिलाई के हुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) आफूलाई होच्याउने व्यक्तिलाई के हुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. अन्तमा हामी मुख्य कुरा फेरी एकचोटि दोहोरयाउँदै तपाईंलाई के भन्न चाहन्छौं भने: कसलाई डाक्टरको खाँचो पर्छ ? के रोगीलाई, होइन र ? कसलाई मुक्तिदाताको खाँचो पर्छ ? पापीहरूलाई नै । मुक्ति पाउनलाई पापी मानिसले के गर्नुपर्छ ? उसले आफ्नो पापदेखि साँचो गरी पश्चात्ताप गर्नुपर्छ । परमेश्वरको कृपा कसरी पाउन सकिन्छ ? उहाँको सामु आफूलाई नम्र तुल्याएर नै के तपाईंले यी कुराहरू बुझ्नुभयो ?

क) प्रभु येशू किन यस संसारमा आउनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) प्रभु येशू पापीहरूलाई के गर्नको निम्ति बोलाउँदै हुनुहुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) लूका ५:३२ पद कण्ठस्था गरेर लेख्नुहोस् (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. हामी मानिसजातिले परमेश्वरको सामु घमण्ड गर्ने कुनै कारण छैन । घमण्ड गर्ने मानिसदेखि परमेश्वर टाढ़ो रहनुहुन्छ । घमण्डी मानिसको प्रार्थना परमेश्वरले कदापि सुन्नुहुन्न, झन् त्यसको विरोध गर्नुहुन्छ नै । तब घमण्ड गर्नुबाट हामीलाई के फाइदा हुन्छ र ? बरु परमेश्वरको आज्ञाअनुसार हामी आफूलाई नम्र तुल्याऔं, आफूलाई परमेश्वरको शक्तिशाली हातमनि सुम्पौं र उहाँको कृपा पाउने आशा राखौं । किनकि उहाँको आशिषले हामीलाई उच्च पार्छ ।

१ पत्रुस ५: ५-६ पदअनुसार तल सोधेका प्रश्नको जवाफ दिनुहोस् ।

क) परमेश्वरले कसको विरोध गर्नुहुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) परमेश्वरको निगाह कसले पाउँदछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) परमेश्वरको सामु हामी आफूलाई नम्र तुल्याउँछौं भने उहाँले हाम्रो निम्ति के गर्नुहुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ १०

## क्षमा नगर्ने दासको उखान

### क्षमा गर्न खाँचो

हामी पापदेखि पश्चात्ताप गरयौं भने परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न तयार हुनुहुन्छ भन्ने शिक्षा हामीले माथिको पाठमा सिक्यौं यस सम्बन्धमा हामीले अर्को महत्वपूर्ण कुरा सिक्नु बाँकी छ । पापको क्षमा पाउन चाहने हो भने हामीले हाम्रो विरोधमा पाप गर्नेहरूलाई पनि क्षमा दिनुपर्छ । एक-अर्कोलाई क्षमा दिन नचाहेका हुनाले हामीले पनि आफ्ना पाप माफ पाउँदैनौं भन्ने कुरा स्पष्ट पार्नको निम्ति प्रभु येशूले हामीलाई क्षमा नदिने नोकरको उखान सुनाउनुहुन्छ ।

हाम्रो विरोधमा पाप गर्नेहरूलाई क्षमा दिनु हामी मानिसहरूको निम्ति गाह्रो पर्छ । बरु खराबको बदलामा खराब गर्नु हामीलाई मन लाग्छ । अरुले दिएको दु:खको साटो फेर्दै सारा संसारमा मानिसहरूको बीचमा ठूलो अशान्ति फैलिएको छ । तर बदला लिनु पाप हो । हामीले क्षमा दिनुपर्छ ।

## क – क्षमा दिने सम्बन्धमा पत्रुसको प्रश्न

१. प्रभु येशूका चेलाहरूमध्ये पत्रुस नाम गरेका एकजनाले क्षमा दिने सम्बन्धमा प्रभुलाई प्रश्न गरे । उनी आफ्नो भाइलाई क्षमा गर्न तयार थिए, तरै पनि प्रभुको जवाफमा छक्कै परे, किनभने हामी मानिसभन्दा परमेश्वर अति क्षमाशील हुनुहुन्छ भन्ने कुरा उनले बुझ्न थाले ।

क) पत्रुसको प्रश्न के थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) प्रभु येशुले उनलाई के जवाफ दिनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख – यति ठूलो ऋण क्षमा हुन्छ

१. अरु मानिसहरूलाई हामीले किन क्षमा दिनुपर्छ, यसको खास कारण प्रभु येशूले यस उखानद्वारा हामीलाई देखाउनुहुन्छ । प्रभु येशूले परमेश्वरलाई एउटा राजासित तुलना गर्नुहुन्छ, जसले आफ्ना नोकरहरूसित हिसाब लिने इच्छा गर्दछन् । उनको साम्नु एउटा ऋणी ल्याइँदछ, जसको ऋण अति ठूलो छ । दस हजार टालेन्ट कति रुपियाँ हुन्छ होला भन्ने प्रश्न मनमा उठ्छ । यसको हिसाब यहाँ छ; एक टालेन्ट ६,००० दिनारको बराबर हो । यसर्थ दस हजार टानेन्ट ६ करोड़ दिनारको हुन्छ । अब एक दिनार एक दिनको ज्यालाको बराबर हो भने यो ऋण कति थियो ? अरबौं रुपियाँ, होइन र ?

क) राजाले के गर्ने निश्चय गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) हिसाब लिँदा को उनको साम्नु ल्याइयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. ६ करोड़ दिनार अत्यन्तै ठूलो ऋण हो । परमेश्वरको दृष्टिमा हाम्रा पापको ऋण यति धेरै हुन्छ; कसले यो गन्न सक्छ ? यति ठूलो ऋण कसले तिर्न सक्छ र ? तब न्यायहुँदा परमेश्वरले हाम्रो हिसाब लिने बेलामा हामी उहाँलाई के भनौं ? जीवनको लेखा दिने समयमा उहाँलाई के दिऔं ? परमेश्वर न्यायी हुनुहुन्छ, यसैले उहाँले पापको सजाय दिनैपर्छ । पापको दण्ड भोग्न हामीलाई गाह्रो पर्ला, प्रिय मित्र ! किनभने पापको सजाय मृत्यु हो ।

क) नोकरले ऋण तिर्न नसक्दा राजाले के आज्ञा गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. यति ऋण तिर्न त्यस नोकरको लागि असम्भव थियो; यसको सट्टामा भोग्नुपर्ने सजाय त्यस नोकरलाई पनि ज्यादा लाग्यो । यसैकारण त्यसले के गऱ्यो ? के यस कुरामा तपाईंले ध्यान लगाउनुभएको छ ? हामीलाई लागेको पापको ऋण चुक्ता गर्नको लागि हामीले के गर्न सक्छौं ? के हामी दिनरात धर्मकर्म गरेर वा जीवनभरि दुःखीहरूको सेवा गरेर यस ऋणबाट चुक्ता हुन्छौं ? कदापि हुँदैनौं । हामीले गर्न सक्ने काम यही मात्र हो: परमेश्वर हाम्रो न्यायकर्ताको सामु झुक्न र दया पाऊँ भनी गुहार माग्न सक्छौं ।

क) राजाबाट दया पाउनको निम्ति त्यस नोकरले के गऱ्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. परमेश्वर हाम्रा पापको ऋणको हिसाब लिने न्यायकर्ता हुनुहुन्छ । परमेश्वर हाम्रा सबै पापहरू क्षमा गर्ने दयालु मुक्तिदाता पनि हुनुहुन्छ । हामीले आफ्ना पापको ऋण कहिल्यै तिर्न सक्दै सक्दैनौ भन्ने कुरा परमेश्वरलाई अघिबाटै थाह थियो । यसकारण उहाँले हाम्रा पापको हिसाब नलिने, तर क्षमा गर्ने उपाय खोज्नुभयो । यसैको निम्ति प्रभु येशू यस संसारमा आउनुभयो र क्रूसमा निर्दोष बलिदान भई हाम्रो निम्ति अति दुःख सहेर मर्नुभयो । यसरी नै उहाँ सारा संसारका पापका निम्ति प्रायश्चित हुनुभयो अर्थात् हाम्रो ऋण चुक्ता गर्ने जम्मै दाम तिरिदिनुभयो । प्रभु येशूले हाम्रा निम्ति तिर्नुभएको रगतको दामले गर्दा परमेश्वर हामीप्रति क्षमाशील हुनुहुन्छ र हाम्रा पाप माफ गर्नुहुन्छ ।

क) यो विन्ती सुन्दा राजाले आफ्ना नोकरप्रति कस्तो विचार राखे ?

अ) राजा रिसाए  आ) राजा टिठाए

ख) आफ्नो नोकरमाथि टिठाएर राजाले त्यसको निम्ति के-के काम गरिदिए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ) …आ) …

## ग – यति थोरै ऋण माफ नगर्ने ?

१. राजाको अपार दयाको खातिर यति ठूलो ऋणबाट चुक्ता भएको नोकर अबउसो राजाप्रति सधैं धन्यवादी हुनेछ र अरु साथी-नोकरहरूप्रति दयावन्त हुनेछ भनेजस्तो हामीलाई लाग्छ । तर हेरौं, अब के भयो ? एक सय दिनार एक सय दिनको ज्यालाजति रुपियाँ थियो भने यस दोस्रो नोकरको ऋण पनि थियो भनी हामी बुझ्छौ । तर पहिलो नोकरको ऋणको तुलनामा त्यो अलिकति पनि थिएन ।

क) त्यसको साथी-नोकरको ऋण कति थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) पहिलो व्यक्तिले दोस्रो व्यक्तिलाई भेट्नासाथ त्यसलाई के गऱ्यो, अनि के भन्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. राजाको अघि पहिलो नोकरले जस्तो माफ माग्यो, त्यस्तै दोस्रो व्यक्तिले पनि त्यसकै सामु घोप्टो परेर दया पाउँ भनी विन्ती चढ़ायो । ऋण लागेको दोस्रो नोकरले माफ माग्यो भने पहिलो नोकरले त्यसलाई माफ दिनैपर्छ, होइन र ? के परमेश्वरको अगाड़ि तपाईंले आफ्ना पापको माफ माग्नुभयो ? के तपाईले क्षमा पाउनुभयो ? तब अरुलाई क्षमा दिनु पनि तपाईंको जिम्मेवारी भएन र ?

क) के पहिलो व्यक्तिले त्यसको विन्ती सुन्यो ? ठिक उत्तरमा चिन्ह लगाउनुहोस् ।

अ) त्यसले विन्ती सुनेन

आ) त्यसले टिठाएर त्यसको ऋण माफ गरिदियो ।

३. विन्ती सुनेर ऋणको माफ दिनुको सट्टामा पहिलो नोकरले त्यसको ऋणीलाई ऋण चुक्ता नगरुन्जेल झ्यालखानामा हालिदिएछ । यो कस्तो अनौठो कुरा हो ! परमेश्वरको सामु झुकेर हामी दया पाउन चाहन्छौं, तर हाम्रो विरोधमा गल्ती गर्नेप्रति आफ्नो हृदय कठोर पारेर हामी उसलाई माफ नदिने ? यस्तो दुष्ट व्यावहार परमेश्वर मन पराउनुहुन्न ।

क) पहिलो नोकरले अब त्यसको ऋणीलाई के गरचो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. संसारमा त्यो पहिलो नोकरजस्तै व्यवहार देखाउने धेरै मानिसहरू देखेर हामी दु:खिन हुन्छौं । सायद परमेश्वरकहाँ गएर उनीहरूले आफ्ना पाप मानिलिएकै छैनन् । आफैले माफ नपाएका हुनाले उनीहरूले अरुलाई पनि माफ दिन सक्दैनन् । उनीहरूमा बदला लिने र क्षमा नगर्ने बानी देख्न हामीलाई अचम्म लाग्दैन । तर माफ पाएको व्यक्तिले माफ दिँदैन भने यो साँची नै विचित्र कुरा हो । यस्तो कदापि हुनुहुदैन । हामी व्यभिचार, चोरी र हत्याजस्ता पापहरू ठूला सम्झन्छौं । तर परमेश्वरको दृष्टिमा धन्यवादी नहुनु र माफ नदिनु पनि ठूला पाप हुन् ।

क) त्यस दुष्ट नोकरको विषयमा कसले राजालाई सुनाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) राजाले त्यस नोकरलाई बोलाउँदा के नाम राखे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) राजाले त्यसलाई केको दोष लगाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) पहिले राजा त्यसप्रति दयालु थिए, तर अब उनलाई कस्तो लाग्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ङ) यसैले राजाले त्यस दुष्ट नोकरलाई के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## घ – माफ दिने सम्बन्धमा हामी सबैको लागि प्रभुको चेताउनी

१. हामीले हृदयदेखि एक-अर्कालाई माफ दिनुपर्छ; किनभने जब हामी परमेश्वरको सामु आफ्ना पाप मानिलियौं, तब हामीप्रति टिठाएर उहाँले हाम्रा सबै पाप क्षमा गर्नुभयो । हामीप्रतिको परमेश्वरको ठूलो दया सम्झी हामीले उहाँको आज्ञापालन गर्नुपर्छ । नत्रता परमेश्वरले हामीसित पनि कठोर व्यवहार गर्नुहुन्छ । यसकारण हामी सबैले अरुलाई माफ नदिने ठूलो पापबाट जोगिनुपर्छ ।

क) प्रभु येशूले हामीलाई यस सम्बन्धमा कस्तो चेतावनी दिनुहुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. प्रभु येशूको नाममा पापको क्षमा छ । उहाँको नाम पुकारेर हामीले दया र सबै पापको माफ पाउँछौं । फेरि एकपल्ट हामी तपाईलाई सोध्छौं: के तपाईंका पापहरू क्षमा भए ? यो महत्वपूर्ण कुरा नभुल्नुहोस् । त्यसपछि जसरी उहाँले तपाईलाई माफ गर्नुभयो, त्यसरी नै अरुलाई माफ दिन सक्नुहुन्छ । अब उसो हामी पनि यस्तै गरौं ।

कलस्सी ३:१३ पद अनुसार हामीले कसरी क्षमा गर्नुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ ११

## दश कन्याको उखान

### तयारीको हुने खाँचो

परमेश्वरको आफ्नो समय-तालिका छ । त्यसमा एक महत्वपूर्ण दिन आउँदैछ । किनकि ठूलो शक्ति र महिमाको साथ प्रभु येशू फेरि यस संसारमा राजा हुन आउनुहुनेछ । अहिलेसम्म दु:खमा तड्पिरहेको सारा सृष्टिले यस दिनको बाटो हेर्दछ; किनभने त्यही दिनमा पाप र विनाशको बन्धन तोड़िनेछ र प्रभु येशूमाथि विश्वास गर्नेहरूले पूरा रुपले छुटकारा पाउनेछन् । उनीहरूको निम्ति त्यो दिन ठूलो आनन्दको कारण हुनेछ । तर परमेश्वरलाई नचिन्नेहरूको निम्ति, साथै प्रभु येशूको सुसमाचारको वचन पालन नगर्नेहरूको निम्ति त्यो दिन ठूलो विलाप र डरको दिन हुनेछ । यो कुरा जानेर हामी सबै त्यस दिनको निम्ति तयार हुनुपर्छ । यसैले दस कन्याको उखानबाट प्रभु येशूले हामीलाई तयार हुने सम्बन्धमा शिक्षा दिनुहुन्छ ।

# प्रभु येशूका उखानहरु - बाइबल अध्ययन उत्तरपुस्तिका, भाग - २

१. धेरै मानिसहरूको लागि प्रभु येशू फेरि संसारमा आउनुहुने दिन अचानक आउनेछ । राती चोर आएझैं प्रभुको दिन आउनेछ । यस्तो दिन छ भनी धेरैले सुनेर पनि र त्यसको वास्ता गर्दैनन् । मानिसहरू परमेश्वरको काम-योजनाको बारेमा अनजान रहन्छन् र आफ्नो समय-तालिका अनुसार चल्दछन् । गर्भवती स्त्रीमाथि बेथा आइलागेझैं विनाश उनीहरूमाथि आइपर्नेछ र उनीहरू कुनै रितीले उम्कनेछैनन् । तर हामीसित यस्तो नहोस् । हामी अहिले नै प्रभु येशूलाई भेट्न तयार हौं ।

क) मत्ती २४:४४ पद अनुसार अहिले नै तयार हुनुपर्ने कारण के हो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. अब यस उखानमा जाऔं र यसको अर्थ बुझ्ने कोशिश गरौं । यस संसारमा फेरि आउनुहुँदा प्रभु येशूले हामीलाई कसरी भेट्टाउनुहुनेछ ? के हामी उहाँको बाटो हेर्नेहरूमध्येका हौं कि होइनौं । अथवा के हामी पापको अन्धकारमा जिउनेहरू हौं ? हाम्रो जीवन एउटा उज्यालो बत्तीजस्तै हुनुपर्छ । यस अँध्यारो संसारमा हामीले परमेश्वरको महिमाको निम्ति जिउनुपर्छ । प्रभु येशूलाई भेट्ने आशा राखेर हामी सबैले आफ्नो जीवन चोखी कन्याले झैं शुद्ध राख्नैपर्छ । यसरी मात्र हाम्रो जीवन परमेश्वरको निम्ति उज्ज्वल हुन्छ ।

क) ती दस कन्याहरूले आफूसित के लगे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोल

३. यस संसारमा हामी कुन आशामा जिइरहेका छौं ? भन्ने प्रश्न यहाँ उठ्यो । हामी आफ्नो राज्य स्थापित गर्नमा व्यस्त छौं कि हामी परमेश्वरको राज्य आएको चाहना गर्दछौ ? प्रभु येशू अब चाँड़ै फेरि संसारमा आउँदै हुनुहुन्छ । त्यस दिनको तयारीमा तपाईंले के गर्दै हुनुहुन्छ ? के उहाँ तपाईंको निम्ति आत्मिक दुलहा हुनुहुन्छ, जसको बाटो दुलहीझैं तपाईं हेरिरहनुहुन्छ, र जसको निम्ति तपाईं आफूलाई तयार पार्नुहुन्छ ?

क) ती दस कन्याहरूले कसलाई भेट्न निस्के ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. ती कन्याहरूमध्ये पाँचजना ज्ञानी र पाँचजना मूर्ख थिए । ज्ञानी भन्नाले परमेश्वरको इच्छा जानेर त्यसअनुसार गर्नु नै हो । मूर्ख भन्नाले परमेश्वरको इच्छा जानेर त्यसको वास्ता नगर्नु हो । प्रभु येशू फेरि चाँड़ै आउँदै हुनुहुन्छ भन्ने कुरा जानेर पनि त्यस दिनको लागि आफूलाई तयार नगर्नूचाहिँ मूर्खता हो । प्रभु आउनुहुने दिनमा तयार हुने समय पाइँदैन; अहिले नै हामी तयार हुनुपर्छ ।

क) मूर्खहरूले के लैजाने वास्ता गरेनन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) ज्ञानीहरूले साथमा के लगे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

बत्तीको निम्ति जसरी तेल चाहिन्छ; ठीक त्यसरी नै हाम्रो जीवनलाई उज्यालो पार्नको निम्ति आत्मिक तेल अर्थात् पवित्र आत्माको खाँचो पर्छ । तेलबिना बत्ती निभ्छ भन्ने कुरा जानेर पनि मूर्ख कन्याहरूले

तेलको प्रवन्ध गरेनन् । योचाहिँ तिनीहरूको भूल थियो । पवित्र आत्माबिना हामीसँग परमेश्वरलाई मनपर्दो जीवन जिउने शक्ति हुँदैन । पवित्र आत्माबिना हाम्रो भक्तिचाहिँ भेष मात्र हो । परमेश्वरलाई खुशी पार्ने शक्ति नभएका हुनाले हाम्रो जीवनरुपी विश्वासको बत्ती निभ्छ भन्ने कुरामा ध्यान दिनु नै हामी हरेकलाई अत्यन्तै आवश्यक छ । हाम्रो खोक्रो विश्वासले केही कामको हुँदैन । प्रभु येशूको आगमनको निम्ति तयार हुने हो भनेदेखि हाम्रो हृदयमा प्रभु येशूमाथि राखिएको निश्चित विश्वास हुनुपर्छ । प्रभु येशूप्रति साँचो प्रेम र भक्ति त्यहाँ वास गरेको हुनुपर्छ । परमेश्वरको ठूलो निगाहले गर्दा म अनन्त जीवन पाउँछु भन्ने आशामा दृढ़ रहेर प्रभु येशूको बाटो हेर्नु खाँचो छ । यसरी हामी प्रभु येशू आगमनको निम्ति तयार हुन्छौं ।

५. प्रभु येशू फेरि आउनुहुने दिन एकदम नजिकै छ भनी हामी विश्वास गर्छौं । तर यस उखानमा दुलहा बियाँलो गरेका हामी देख्दछौं । यसैबाट हामी सधैं जागा रहनुपर्छ भन्ने कुरा सिक्छौं । के त्यो दिन हामीलाई निदाएको वा बेहोशियार रहेको अवस्थामा पक्रन्छ ? जब संसारका सबै मानिसहरू पापको अन्धकारमा डुबेका हुन्छन् र प्रभु येशूका विश्वासीहरूको लागि कुनै आशा देखिँदैन, त्यस बेला प्रभु येशू आउनुहुनेछ । उहाँ एक दिन पनि ढिलो गर्नुहुन्न, तर ठीक बेलामा आउनुहुनेछ र तयार भएका जतिलाई यस संसारबाट लैजानुहुनेछ ।
क) ती सबै कन्याहरू किन निदाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) 'हेर, दुलाहा !' भन्ने शब्द कहिले आयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६. बाहिरी रुप हेर्दा हामी प्रभु येशूको बाटो हेर्ने, उहाँको आगमनको निम्ति तयार भएका जस्तै देखा पर्छौं होला, तर के हामी साँची नै तयार छौं ? यी दस कन्याहरूमा पाँचजना तयार थिएनन् । हाम्रो हृदयको अवस्था जान्नुहुने परमेश्वरको सामु हामी केही लुकाउन सक्दैनौं । के उहाँ हाम्रो मनमा प्रभु येशूमाथि राखिएको विश्वास र मुक्तिको निश्चयता पाउनुहुन्छ ? वा के उहाँ हामीभित्र पापहरूको मैला भेट्टाउनु हुन्छ ? कि के उहाँ हाम्रो सफा हृदयभित्र प्रभु येशूको रगतले किनिएको सम्पत्तिमाथि लगाउनुभएको पवित्र आत्माको छाप देख्नुहुन्छ ? तपाईंको हृदयको खोजतलाश गर्दा परमेश्वरले के भेट्टाउनुहुनेछ ? दुलहालाई भेट्नुपर्ने समयमा मूर्ख कन्याहरूसित मुख्य चिज थिएन । उनीहरूले आ-आफ्नो बत्ती सफा गरे र सलेतो मिलाए, तर एकैक्षणमा सलेतो जलेर खरानी भयो । कस्तो निराश !
मूर्ख कन्याहरूको बत्ती निभ्ने कारण के थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७. जब प्रभु येशू आउनुहुन्छ, तब तयार भएकाहरू उहाँसँग जानेछन् । अरुको सँगतमा लागेर तयार हुने होइन, तर हामी व्यक्तिगत रुपले प्रभुलाई भेट्न तयार हुनुपर्छ । त्यस बेला अरुले हामीलाई सहायता दिन सक्दैनन् । त्यस बेला कसले मुक्ति पाएको र कसले नपाएको कुरा स्पष्ट हुन्छ । पवित्र आत्माको दान खीष्ट येशूमाथि विश्वास गर्ने हरेकसित हुन्छ । जससँग प्रभु येशू हुनुहुन्छ, ऊसँग अनन्त जीवन छ, पवित्र आत्माले हामीभित्र यो गवाही दिनुहुन्छ । तर जससँग प्रभु येशू हुनुहुन्न, त्यससँग जीवन छैन । त्यसले आफूलाई धोका मात्र दिएको हुन्छ र मुक्तिको सुसमाचार साँचो गरी विश्वास गरेकै हुँदैन । यस उखानमा ज्ञानी कन्याहरूको सँगतमा लागेर मूर्ख कन्याहरूले धेरै समय बिताएका, तर अन्तमा तिनीहरूबाट केही सहायता नपाएका कुरा हामी छर्लङ्ग देख्छौं ।
मूर्ख कन्याहरूले तेल पैंचो माग्दा ज्ञानीहरूले के के जवाफ दिए ?
अ)...

आ)...

८. तयार भएकाहरूको निम्ति प्रभु येशूको आगमन ठूलो रमाहटको दिन हुनेछ । किनभने त्यस दिन उनीहरूले आफ्नो विश्वासको फल पाउनेछन् । संसारमा अनेकौं कष्टहरू सहेर उनीहरूले प्रभुको उपस्थितिमा आनन्द मनाउनेछन् । पापसितको संघर्ष त्यस दिन सिद्धिनेछ । त्यस दिन उनीहरूको निम्ति दुःख र पीड़ाको अन्त हुनेछ । उनीहरूले आफ्ना प्यारा प्रभु येशूलाई देख्नेछन्, जसमाथि उनीहरूले अटल विश्वास राखेका थिए, र जसको बाटो उनीहरूले निरन्तर हेरिरहेका थिए ।
ती तयार भएकाहरू कहाँ गए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

९. यस जीवनकालमा मात्र हामीले पापदेखि परमेश्वरकहाँ फर्कने र प्रभु येशूमाथि विश्वास गरेर मुक्ति र अनन्त जीवन पाउने मौका पाउँछौं । जसले विश्वास गरी प्रभु येशूलाई अपनाएको छ, उसले बैनाको रुपमा पवित्र आत्मा पाउँछ । पवित्र आत्मा पाएको व्यक्ति तयार हुन्छ । मुक्ति पाउने समय अहिले नै हो, कृपा पाउने समय अहिले नै हो । प्रिय मित्र, एकदिन ढिलो हुने रहेछ । त्यस दिन जो तयार छ, ऊ लगिनेछ; तर अर्कोचाहिँ न्यायको निम्ति छोड़िनेछ ।
क) तयार भएकाहरू दुलहासित विवाह भोजमा गएपछि के भयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) 'ढोका खोलिदिनुहोस्' भन्दै ती मूर्ख कन्याहरूले दुलहालाई आग्रह गर्दा कस्तो गम्भीर जवाफ पाए ?

१०. प्रभु येशूको आगमनको समयमा धेरै झूटा भविष्यवक्ताहरूले उहाँ कहिले आउनुहुने हो, सो ठीक मिति तोकेर हामीलाई भ्रम पार्न खोजछन् । तर तिनीहरूको कुरा सुन्नु र पत्याउनुहुँदैन; किनभने परमेश्वरलाई मात्र त्यो दिन थाह हुन्छ । उहाँले हामीलाई त्यस दिनको निश्चित समय बताउन चाहनुभएन । यसैले हामी सधैं तयार भएर बस्नुपर्छ । यो उहाँको इच्छा हो ।

प्रभु येशू फेरि आउनुहुने दिन र घड़ी हामीलाई थाह नहुनाले हाम्रो लागि प्रभुको आज्ञा के छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

११. प्रभु येशूलाई ग्रहण गर्न ढिलो नगर्नुहोस्, तर अहिले नै प्रभु येशूलाई भेट्नको निम्ति तपाईंले आफूलाई तयार गर्नुहोस् भन्ने सन्देस स्पष्ट गरी यस पाठमा तपाईंलाई दिइएको छ । प्रभु येशू फेरि कहिले आउनुहुने हो, त्यस समय कसैले जान्दैन भने तपाईं पनि जान्नुहुन्न । यसकारण मूर्ख नहुनुहोस् अर्थात् त्यस दिनको बारेमा जानेर पनि आफूलाई तयार नगर्ने भूल नगर्नुहोस् । तर बुद्धिमान् भएर प्रभु येशूलाई भेट्नको निम्ति आफूलाई तयार गर्नुहोस् । हुन सक्छ, आज तपाईंलाई अन्तिम मौका यही

हो । यसैले ढिलो नगरीकन प्रभु येशूमाथि विश्वास गर्नुहोस् । उहाँले तपाईंलाई पापबाट बचाउनुहुन्छ र पवित्र आत्माको दान दिनुहुन्छ । यसरी तपाईं तयारीसाथ प्रभु येशूलाई पर्खन सक्नुहुन्छ । उहाँको आगमनको बाटो हेर्दै तपाईं जागा रहनुहुनेछ ।

यशैया ५५:६ पदमा परमेश्वरले हामी सबैलाई के के आज्ञा गर्नुभएको छ ?

अ) ...

आ) ...

के तपाईंले यस्तो निर्णय गर्नुभएको छ ? कहिले ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ १२

## ठूलो भोजको उखान

### निम्तो

भोज सधैं हुने कुरा होइन, तर कहिलेकहीं मात्र गाउँतिर वा शहरमा कुनै ठूलो मानिसले भोज लगाउँछ र यसमा अरु मानिसहरूलाई निम्तो गर्छ । निम्तो पाएको सबैले यस सुअवसरको निम्ति आफ्नो काम पन्छाउँछन् र फुर्सद मिलाएर खुशीसाथ उत्सव मनाउन जान्छन् । भोजको निम्तो कसरी अस्वीकार गर्ला र ? प्रभु येशूले परमेश्वरको राज्य एउटा ठूलो भोजसित तुलना गर्नुहुन्छ, जसको निम्ति उहाँले हामी सबैलाई निम्तो दिनुहुन्छ । उहाँको निम्तो कसले स्वीकार गर्छ होला ?

१. परमेश्वरको राज्यको विषयमा मीठो कल्पना गर्नु एउटा कुरा हो; तर परमेश्वरको राज्यमा पस्नु हो भने यसको लागि हामीले एउटा निर्णय गर्नुपर्छ । जसरी भोजको निम्तो स्वीकार गर्न वा इन्कार गर्न सकिन्छ, त्यसरी नै परमेश्वरले प्रभु येशूमा हाम्रो निम्ति तयार गर्नुभएको मुक्ति हामीले ग्रहण गर्न वा बेवास्ता गर्न सक्छौं ।

   बस्नेहरूमध्ये एकजनाले प्रभु येशूलाई के भन्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. हामीले मुक्ति पाउनैपर्छ; हामीले परमेश्वरको राज्यभित्र पस्नैपर्छ । यसको निम्ति परमेश्वरले हाम्रो निम्ति सबै बन्दोवस्त तयार गर्नुभयो । प्रभु येशूमा मुक्ति छ; उहाँमा अनन्त जीवन छ । किनकि प्रभु येशू यस संसारमा आउनुभयो र हाम्रो निम्ति क्रूसमा मर्नुभयो र आफ्नो निर्दोष, अमूल्य रगत बगाउनुभयो । यसरी उहाँले हाम्रा पापको निम्ति दाम तिर्नुभयो र पापको क्षमा पाउने उपाय खोलिदिनुभयो । मरेको तेस्रो दिन प्रभु येशू मरेकाहरूबाट बौरिउठ्नुभयो । मुक्तिको सम्बन्धमा सबै काम सिद्धचाएर उहाँ परमेश्वरको दाहिने हातमा बस्नुभयो । त्यस समयदेखि सारा संसारमा प्रभु येशूको सुसमाचारद्वारा परमेश्वरले हामीलाई बोलाउँदै हुनुहुन्छ र मुक्तिको निम्तो दिँदै हुनुहुन्छ; किनभने सबै कुरा तयार भइसकेका छन् ।

   क) त्यस महाभोजमा कतिले निम्तो पाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

   ख) भोज हुने बेलामा मालिकले कसलाई पठाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) निम्तो पाएकाहरूलाई मालिकले कस्तो खबर पठाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. मुक्ति पाउनलाई परमेश्वरले प्रभु येशूमा सबै बन्दोवस्त तयार गर्नुभयो । सुसमाचार सुनाउँदै उहाँले धेरै मानिसहरूलाई निम्तो पठाउनुहुन्छ ; तापानि सबैले उहाँको निम्तो स्वीकार गर्दैनन् । किन होला ? परमेश्वरको राज्यमा पस्नुभन्दा अरु कुराहरू उनीहरूको निम्ति मुख्य छन्: कसैलाई काम, कसैलाई धनसम्पत्ति,कसैलाई परिवार । यसैकारण बहाना गरेर कतिले परमेश्वरको निम्तो बेवस्ता गर्छन् र यति ठूलो मुक्ति ग्रहण गर्दैनन् । अनि तपाईं नि, के गर्नुहुन्छ ,

क) ती निम्तो पाएकाहरूले के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) उनीहरूको बहाना के के थियो ?

अ) पहिलोले भन्यो " ...।"

आ) दोस्रोले भन्यो "...।"

इ) अर्कोले भन्यो "...।"

ग) यी कुरा दासले कसलाई सुनायो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. परमेश्वरले उनीहरूको निम्ति मुक्तिको बन्दोवस्त गरिसक्नुभए पनि निम्तो पाएकाहरूले परमेश्वरको राज्यमा पस्ने मौका गुमाए; किनभने परमेश्वरबाट निम्तो आउँदाखेरि उनीहरूले त्यसको बेवास्ता गरी अरु कुनै सांसारिक कुरामा मन लगाएर प्रभु येशूकहाँ आउन चाहेनन् । उनीहरूदेखि परमेश्वर खुशी हुनुहुन्न, तर रिसाउनुहुन्छ । परमेश्वरको प्रबन्धलाई हेला गर्नुहुँदैन भन्ने कुरा यहाँबाट बुझिन्छ । प्रभु येशूमाथि विश्वास गरी मुक्ति पाउन र परमेश्वरको राज्यमा पस्नको निम्ति परमेश्वरको बोलावट आउँछ, तब ढिलो गर्नुहुँदैन, बहाना गर्नु पनि हुँदैन । हामीले अरु सबै कुराहरू पन्छाएर उहाँको निम्तो स्वीकार गर्नुपर्छ । तर परमेश्वरको इच्छा पूरा हुने नै छ: उहाँको राज्यमा आनन्द लिनलाई सबै देश र जातिहरूबाट मानिसहरू आएर त्यसभित्र पस्नेछन् । उहाँको निम्तो गरिब, अनपढ़, अपाङ्ग, दु:खि, लाचारहरूको निम्ति हो; उहाँले पापीहरूलाई बोलाउँदै हुनुहुन्छ; किनभने आफूलाई धर्मी ठान्नेहरू सबै अयोग्य भए । जब तपाईंकहाँ परमेश्वरको निम्तो आउँछ, तब परमेश्वरले तपाईंलाई नै उहाँको अनन्त राज्यमा परेर त्यसको आनन्द लिनको निम्ति बोलाउँदै हुनुहुन्छ, र निम्तो स्वीकार गरी परमेश्वरको आनन्दमा प्रवेश गर्नुहोस् ।

क) दासबाट यी कुरा सनेपछि मालिकलाई कस्तो लाग्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) तब मालिकले दासलाई कहाँ पठाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) कस-कसलाई भोजमा ल्याउनू भनी मालिकले दासलाई आज्ञा गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. परमेश्वरको राज्यमा अझैं ठाउँ छ । यसैले आजसम्म परमेश्वरले सारा संसारमा आफ्ना सेवकहरू पठाएर मानिसहरूलाई प्रभु येशूको सुसमाचार सुनाउँदै हुनुहुन्छ । तर एकदिन परमेश्वरको घर भरिन्छ, र मुक्ति पाउने मौका सिद्धिन्छ । यसकारण परमेश्वरको राज्यमा पस्नको निम्ति परमेश्वरको निम्तो ग्रहण गर्नुहोस् भन्दै आजै हामी उहाँका सेवकहरूले तपाईंलाई आग्रह गरी कर लगाउँछौं । मुक्ति प्रभु येशूमा मात्र छ । प्रभु येशूमाथि विश्वास गरी मुक्ति ग्रहण गर्नुहोस् । तपाईंको निम्ति उहाँको निम्तो यही छ । यो प्रेमसाथ दिएको निम्तो इन्कार गर्ने प्रत्येकले परमेश्वरको राज्यको अनन्द कहिल्यै चाख्न पाउनेछैन ।

क) गरिब दु:खिहरू ल्याएपछि दासले मालिकलाई के भन्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) मेरो घर भरिओस् भनेर मालिकले दासलाई फेरि के गर्न पठाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) पहिले निम्तो पाएका, तर बहाना गरी त्यसलाई स्वीकार नगरेकाहरूको बारेमा मालिकको गम्भीर वचन के थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६. अन्तमा प्रभु येशूले हामी हरेकलाई अचम्मका प्रतिज्ञाहरू गर्नुहुन्छ । के तपाईं पापबाट मुक्ति पाउन चाहनुहुन्छ ? प्रभु येशूकहाँ आउनुहोस् । संसारका सबै थोकहरू पाउनुभन्दा के तपाईं परमेश्वरको अनन्त राज्यको हकदारी हुने इच्छा गर्नुहुन्छ ? प्रभु येशूमाथि विश्वास गर्नुहोस् । आज तपाईं उहाँको निम्तो पाउँदै हुनुहुन्छ । आज नै त्यो निम्तो ग्रहण गर्नुहोस्; किनभने प्रभु येशूकहाँ आउने सबैलाई उहाँले ग्रहण गर्नुहुन्छ । तपाईंलाई इन्कार गर्नु वा आफाल्नु उहाँलाई असम्भव छ ।

क) यूहन्न ६:३५ पदमा प्रभु येशूकहाँ आउनेलाई कस्तो प्रतिज्ञा दिइएको छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) अनि प्रभु येशूमाथि विश्वास गर्नेलाई चाहिँ नि ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) यूहन्ना ६:३७ हरेक, जो प्रभु येशूकहाँ आउँछ, उसलाई के कुरा हुनु असम्भव छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ १३

## विवाहको पोशाकको उखान

### न्याय

यहाँसम्म हामी प्रभु येशूको शिक्षाका कति महत्वपूर्ण विषयहरू अध्ययन गर्दै आएका छौं । हामीले पापदेखि पश्चात्ताप गर्नुपर्छ र आफूलाई उहाँको सामु नम्र तुल्याउनुपर्छ; तब परमेश्वरले हाम्रा पाप क्षमा गर्न तयार हुनुहुन्छ । आफैले यति धेरै पापको माफ पाएपछि हामीले अरुलाई पनि तिनीहरूको गल्ती माफ दिनुपर्छ । चाँडै प्रभु येशू फेरि यस संसारमा आउनुहुनेछ; त्यस दिनको निम्ति हामी तयार हुनुपर्छ, साथै परमेश्वरको राज्यमा पस्नको निम्ति हामीले उहाँको निम्तो ग्रहण गर्नुपर्छ । यी सबै कुरा प्रभु येशूले हामीलाई उखानहरूबाट सिकाउनुभयो । अब अन्तिम ती पाठहरूमा हामीले परमेश्वरको न्यायको बारेमा प्रभु येशूको गम्भीर शिक्षा पढ्नेछौं ।

१. अघिको पाठमा जस्तो अहिले पनि यो उखान एउटा भोजको विषयमा छ, तर यसमा एउटा राजाले आफ्नो छोराको निम्ति विवाहको भोज तयार गरे । सबै थोक तयार भए, निम्तो गरिएकाहरू सबै आइसके । यस उखानको अर्थ बुझ्दा राजाचाहिँ परमेश्वर पिता हुनुहुन्छ र छोराचाहिँ प्रभु येशू हुनुहुन्छ । मुक्ति पाएर परमेश्वरको राज्यभित्र प्रवेश गर्नलाई परमेश्वरले प्रभु येशूमा हाम्रो निम्ति सबै बन्दोवस्त तयार गरिसक्नुभयो । उहाँको निम्ति स्वीकार गर्नेहरू सबै आउँछन् र स्वर्गीय आनन्द चाख्न पाउँछन् ।

क) राजाले आफ्नो छोराको निम्ति के तयार गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. पाहुनाहरूको बीचमा विवाहको पोशाक नलगाएको एउटा मानिस रहेछ । त्यो मानिस कसरी यहाँ आयो भन्ने कुरामा राजाले अचम्म माने । विवाहको पोशाक नलगाइकन कोही पनि विवाह-भोजको भागी हुन सक्दैन भन्ने कुरा यहाँबाट बुझिन्छ । परमेश्वरको राज्यमा यो कुरा पनि सत्य हो: आफ्नो लुगा लगाएर जान पाइँदैन अर्थात् आफ्ना धर्मकर्म र असल कामहरूमा भरोसा गरेर परमेश्वरको राज्यमा पस्न पाइँदै पाइँदैन । परमेश्वर पिता, जसको सबै थोक तयार गर्नुभयो, उहाँले हाम्रो निम्ति प्रभु येशूमा मुक्तिको पोशाक अर्थात् धार्मिकताको वस्त्रको प्रबन्ध पनि मिलाउनुहुन्छ । प्रभु येशूमाथि विश्वास गरेको बेलामा परमेश्वरले हाम्रा सबै पापहरू क्षमा गर्नुहुन्छ, साथै हाम्रो कलङ्कित जीवन शुद्ध पार्नुहुन्छ । यसरी उहाँले खीष्टको धार्मिकताले एउटा वस्त्रले झैं हामीलाई पहिराउनुहुन्छ । स्वर्गको राज्यमा पापीहरू प्रवेश गर्न पाउँदैनन् । यसैले उहाँले हामीलाई पवित्र वस्त्रले ढाकेर धर्मीजन तुल्याउनुहुन्छ । प्रभु येशूमाथिको विश्वासद्धारा पापी मानिस धर्मी बन्दछ । अब उसो ऊ पापी होइन, तर सफा, शुद्ध, पवित्र भयो । यस्तो मानिसलाई आफ्नो महिमाको राज्यमा ग्रहण गर्न परमेश्वर खुशी हुनुहुन्छ । किनभने जतिले यसरी नै शुद्ध भए, ती सबै मानिसहरूबाट प्रभु येशूको आदर, प्रशंसा र महिमा हुनेछ । अरु मनिसहरूको दशा विवाहको पोशाक नलगाएको मानिसजस्तै साह्रै नमीठो हुनेछ । उनीहरूको भाग बाहिर अन्धकारमा हुनेछ ।

क) पाहुनाहरूलाई हेर्न आउँदा राजाले के देखे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) राजाले त्यसलाई सोध्दा के जवाफ पाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) राजाले आफ्ना नोकरहरूलाई त्यस मान्छेलाई के गर्ने आज्ञा दिए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) त्यहाँ त्यसको अवस्था के हुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. परमेश्वरको इच्छा स्पष्ट छः सबैले आफ्ना पापदेखि पश्चात्ताप गरुन्, सबैले प्रभु येशूमाथि विश्वास गरी मुक्ति पाउन्, सबै सत्यको ज्ञानमा आऊन् भन्ने चाहना उहाँ गर्नुहुन्छ । यसैकारण उहाँ आजको दिनसम्म हामी हरेकलाई प्रेमसाथ परमेश्वरको अनन्त राज्यमा जाने निम्तो दिनुहुन्छ । यसैले प्रिय मित्र, समयमा नै हामी प्रभु येशूकहाँ जाऔं र उहाँको पवित्र वस्त्र ग्रहण गरौं । तब हामी खुशीसाथ परमेश्वरको आनन्दमा प्रवेश गर्न पाउनेछौं । रुवाबासी र दाह्रा-किटाइ हुने ठाउँमा किन जाऔं ?

क) बोलाइएकाहरू कति छन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) निम्ता ग्रहण गर्नेहरू अर्थात् चुनिएकाहरू कति ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. मुक्ति धर्मकर्म वा असल कामहरू गरेर कमाउने कुरा होइन, तर मुक्ति पाउनु हो भने हामीले त्यसलाई सित्तैंमा एउटा दानको रुपमा ग्रहण गर्नुपर्छ । जसले यसरी नै अर्थात् प्रभु येशूमाथि विश्वास गरेर पापको क्षमा र अनन्त जीवन पाएको छ, उसले आफूले गरेको कुनै काममा घमण्ड गर्नेछैन, तर ऊ प्रभु येशूमा गर्व गर्छ र उहाँको ठूलो कृपामा रमाउँछ । उसले परमेश्वरलाई धन्यको भन्दछ, जसले उसलाई यति ठूलो मुक्ति प्रदान गर्नुभयो र उसलाई धर्मी तुल्याउनुभयो ।

क) यशैया ६१:१० आफ्नो परमेश्वरमा रमाउने कारण के हो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ १४

करिब २००० वर्ष भयो – परमेश्वरले आफ्नो पुत्र प्रभु येशूलाई यस संसारमा पठाउनुभयो । उहाँ नै सारा संसारको सृष्टिकर्ता हुनुहुन्छ भन्ने कुरा प्रायः कसैले बुझेन । उहाँलाई चिनेर ग्रहण गर्नेहरू थोरै मात्र थिए । धेरै मानिसहरूले उहाँलाई इन्कार गरे, किनभने उनीहरूका कामहरू दुष्ट थिए । ती पापहरू छोड़ेर उनीहरूले आफूलाई परमेश्वरको अधिनमा सुम्पन चाहेनन् । आफ्नो घमण्डमा उनीहरू परमेश्वरका द्रोही भए; अविश्वासमा रहेर उनीहरू येशूका शत्रु बने । अन्तमा डाहाको कारणले उनीहरूले प्रभु येशूलाई पक्रे र क्रूसमा मारे । यतिसम्म उनीहरूले उहाँलाई घृणा गरेका थिए । तर यसरी नै परमेश्वरले आफ्नो योजना पूरा गर्नुभयो र हाम्रो निम्ति ठूलो मुक्तिको बन्दोवस्त तयार गर्नुभयो । आफ्नो पुत्रलाई आदर दिँदै

# प्रभु येशूका उखानहरु - बाइबल अध्ययन उत्तरपुस्तिका, भाग - २

परमेश्वरले प्रभु येशूलाई मरेकाहरूबाट बौराउनुभयो र  आफ्नो दाहिने हातपट्टि पूरा अधिकारको साथ सिंहासनमा बस्न दिनुभयो । उहाँ प्रभु र मुक्तिदाता हुनुहुन्छ । उहाँ सारा सृष्टिका मालिक हुनुहुन्छ । के तपाईंले प्रभु येशूलाई यसरी नै स्वीकार गर्नुहुन्छ ? कि यस उखानमा बताइएका दुष्ट किसानहरूले जस्तै उहाँलाई इन्कार गर्नुहुन्छ ? तपाईं के निर्णय गर्नुहुन्छ होला ?

## दाख बारीमा काम गर्ने दुष्ट किसानहरूको उखान

१. परमेश्वरलाई यस उखानमा एउटा गृहस्थीसित तुलना गरिएको हामी पाउँछौं, जसले एउटा दाखबारी लगाए । परमेश्वर सारा संसारको मालिक भए तापनि उहाँले विशेष रीतिले इस्राएल देशका मानिसहरूलाई उनीहरूले उहाँको महिमा गरुन् भनेर चुन्नुभयो । उनीहरूलाई दाखको बारीले सङ्केत गर्छ ।

परदेश जान अघि गृहस्थीले कुन-कुन काम गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ)...

आ)...

इ)...

ई) ...

उ) ...

२. यस दाखको बारी लगाउँदा गृहस्थीले जति मेहनेत गरे, परमेश्वरले आफ्ना मानिसहरूको लागि पनि त्यति नै परिश्रम र वास्ता गर्नुहुन्छ । किनभने उनीहरूबाट उहाँको महिमा हुन्छ भन्ने आशा उहाँले राख्नुहुन्छ । यो फल उहाँले हाम्रो जीवनमा पनि खोज्दै हुनुहुन्छ ? हाम्रो जीवनबाट उहाँलाई हुनुपर्ने महिमा कसले दिएको छ, होला ? यसको फिक्री गर्दै परमेश्वरले आफ्ना वक्ताहरूलाई हामीकहाँ पठाउनुहुन्छ । उनीहरूले हामीलाई परमेश्वरको वचन सुनाउँछन् र हामीलाई चेतावनी दिन्छन् । जबसम्म परमेश्वरले हाम्रो जीवनमा पश्चात्ताप र विश्वासका फल देख्नुहुन्न, तबसम्म उहाँ हामीसित खुशी हुनुहुन्न । तर विश्वासयोग्यतासाथ हामीलाई परमेश्वरको वचन सुनाउने उहाँका सेवकहरूलाई हामी कस्तो व्यवहार देखाउँछौं ? के हामी परमेश्वरको वचन पालन गर्दछौं ?

फलको समयमा मालिकले आफ्ना नोकरहरू पठाउँदा किसानहरूले तिनीहरूलाई के के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ)....

अ)...

इ)...

३. अन्तमा परमेश्वरले आफ्नो पुत्रलाई यस संसारमा पठाउनुभयो । निश्चय प्रभु येशूबाट हामीहरूले परमेश्वरको सन्देस ग्रहण गर्नेछौं भन्ने मनसायले उहाँले  आफ्नो पुत्रलाई पनि बाँकी राख्नुभएन । प्रभु येशूको वचन हामी सुन्दैनौं र विश्वास गर्दैनौं भने हाम्रो लागि अब कुनै उपाय रहँदैन । किनभने प्रभु येशूभन्दा ठूलो कोही पनि छैन । परमेश्वरले अब कसलाई पठाऊन्, र हामी सुन्नेछौं, र आफ्ना पापदेखि पश्चात्ताप गरी उहाँको सुसमाचार विश्वास गर्नेछौं ? हामी यति ठूलो मुक्ति वास्ता गर्दैनौं भने परमेश्वरको न्यायबाट कसरी उम्कन्छौं त ?

क) नोकरहरू पठाउँदा कुनै सीप लागेन । अब मालिकले कसलाई पठाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) कुन विचारले मालिकले यसो गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. क्रूसमा मर्नुभन्दा केही दिनअघि प्रभु येशूले यो उखान फरिसी र पूजारीहरूलाई बताउनुभयो । किनभने उहाँलाई मार्नेहरू उनीहरू नै हुनेछन् भन्ने कुरा उहाँले राम्ररी जान्नुभएको थियो । बेला-बेलामा उहाँले आफ्ना चेलाहरूलाई यसो भन्ने गर्नुहुन्थ्योः 'मलाई यरुशलेम जानु, बूढ़ा प्रधान, मुख्य पूजारी र शास्त्रीहरूको हातबाट अनेकौं दुःख भोग्नु, मारिनु र तेस्रो दिनमा बिउँताउनु आवश्यक छ ।' उहाँले जस्तो भन्नुभएको थियो, त्यस्तै सबै पूरा भयो ।

क) पुत्रको विषयमा किसानहरूको राय के थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) यसो भनेपछि तिनीहरूले के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. मानिसहरूको दुष्टता चरमसीमामा आइपुगेको हामी देख्छौं । उनीहरूले आफ्नो सृष्टिकर्ता परमेश्वरलाई क्रूसमा झुण्डचाएर मारे । यस्तो दुष्ट काम गर्ने मानिसहरूको दण्ड के हुनेछ होला ? प्रभु येशूलाई ग्रहण नगर्ने मानिसले पनि यही पाप गर्छ किनभने हाम्रो अविश्वास सबभन्दा ठूलो पाप हो । तब हाम्रो हालत के हुनेछ होला ? बरु सुसमाचारमा आज्ञाकारी भई हामी प्रभु येशूमाथि विश्वास गरौं, र परमेश्वरलाई दिनुपर्ने आदर महिमा चढ़ाऔं । यो फलचाहिँ उहाँले तपाईं र मेरो जीवनमा खोज्नुहुन्छ ।

क) किसानहरूको बारेमा प्रभु येशूले गर्नुभएको प्रश्न के थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) उहाँले के के जवाफ पाउनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ) ...

आ) ...

प्रभु येशू ख्रीष्टलाई कसरी अस्वीकार गरेर मारे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## प्रभु येशू ख्रीष्टलाई कसरी अस्वीकार गरेर मारे, त्यसको साँचो वर्णन

हामीलाई हाम्रा पापबाट बचाउन र अनन्त जीवन दिनको लागि प्रभु येशू यस संसारमा आउनुभयो । हाम्रो मुक्तिदाता हुनको निम्ति उहाँलाई क्रूसमा मर्न खाँचो थियो । निर्दोष हुनुभए तापनि उहाँ कसरी हाम्रो

लागि मर्नुभयो, यसको साँचो बयान परमेश्वरको वचन बाइबलबाट हामी यहाँ अध्ययन गर्नेछौं । यस भागमा लेखिएको कुरामा बढ़ी ध्यान दिनुपर्छ । यसको अर्थ बुझ्नलाई परमेश्वरले हामी हरेकलाई सहायता गरुन् ।

१. इस्राएलीहरूका नेताहरू मुख्य पूजारी र जनताका प्राचीनहरू थिए । उनीहरूले आफ्नो देश र मानिसहरूको हित खोज्नुपर्ने थियो, तर उनीहरूले यसो गरेनन् ।
उनीहरूले प्रभु येशूलाई के गर्ने मतो गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. त्यस समय इस्राएल देश रोमीहरूको हातमा थियो । पिताातस नाम गरेका बड़ा हाकिम अर्थात् राज्यपाल उनीहरूमाथि शासन चलाउँथे । यसैले यहूदीहरूलाई कसैको मृत्युदण्ड दिने अधिकार दिइएको थिएन, तर पिलातस प्रमुख अधिकारी र न्यायधीश थिए ।

अगुवाहरूले प्रभु येशूलाई के गरेर पिलातसकहाँ पुरचाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. जाँच गरेपछि प्रभु येशू निर्दोस हुनुहुन्छ भन्ने कुरा पिलातसलाई थाह भयो । यहूदीहरूका आगुवाहरूले उहाँलाई डाहाको कारण मार्न खोजेका थिए भनी उनले बुझे । तर प्रभु येशूलाई मार्नैपर्छ भन्दै मानिसहरूको भीड़ चिच्च्याउन थाल्यो । कुनै सीप नलागेको देखेर पिलातसले प्रभु येशूलाई उनीहरूको इच्छामा सुम्पे ।
क) प्रभु येशूको बारेमा पिलातसले कुन कुन प्रश्न सोधे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)
अ) …
आ) …

ख) तर यहूदीहरू सबै एकैमनका भएर के माग गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. कानुन भङ्ग गर्ने अपराधीलाई सबभन्दा निस्ठुर दण्ड दिने तरिका क्रूसमा झुण्डचएर मार्नु थियो । अपराधीका हातखुट्टामा काँटी ठोकेर नमरुन्जेल त्यसलाई काठको क्रूसमा टाँग्थ्यो । सहन नसकिने पीड़ा भोग्दै बिस्तारै अपराधीले आफ्नो प्राण त्याग्नुपर्थ्यो । प्रभु येशूलाई यति कठोर दण्ड दिनलाई मानिसहरूले उहाँमा के दोष भेट्टाएका थिए ? के परमेश्वरको पुत्रलाई यस्तो व्यवहार गरेको हामीलाई सुहाउँछ ?
क्रूसमा टाँग्न अघि तिनीहरूले प्रभु येशूलाई कस्तो व्यवहार गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. क्रूसमा झुण्डिएको समयमा हत्यार, राजद्रोही आदी दुष्ट अपराधीहरूको मुखबाट श्राप, निन्दा र गालीहरू सुनियो; तर प्रभु येशूले क्रूसमा आफ्नो परमेश्वर पितालाई प्रार्थना गर्नुभयो ।
पभु येशूले शत्रुहरूका लागि के प्रार्थना गर्नुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६. प्रभु येशू कमजोर हुनुभएको र उहाँका शत्रुहरू उहाँभन्दा बलिया भएका हुनाले उहाँ मर्नुपरयो भनी कतिले विचार गर्छन् । तर यो एउटा भूल विचार हो । कुनै समयमा प्रभु येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभयो: 'म आफ्नो प्राण अर्पण गर्छु; कसैले त्यसलाई मबाट खोसेर लाँदैन, तर म आफै त्यसलाई अर्पण गर्छु । त्यसलाई अर्पण गर्ने अधिकार छ, र त्यसलाई फिर्ता लिने मेरो अधिकार छ ।' यसकारण यो बुझिलिनुहोस् : प्रभु येशू क्रूसमा नमर्नुभएको भए कुनै मानिसले मुक्ति पाउन सक्दैनथ्यो । प्रभु येशूले हामीलाई प्रेम गरी आफ्नो प्राण दिनेसम्म कुनै कुरा बाँकी राख्नुभएन । क्रूसमा भोग्नुभएका कठोर कष्ट प्रभु येशूले तपाईंको निम्ति सहनुभयो । यस्तो दण्ड त तपाईं र मैले पाउने योग्यका छौं, किनभने हामीले पाप गरेका छौं ।

क) प्रभु येशू कस्तो सोरले कराउनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) मर्नु अघि प्रभु येशूको अन्तिम शब्द के थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७. ठूलो अपराधीले झैं प्रभु येशूले क्रूसको मृत्यु चाख्नुभयो । तर परमेश्वरको इच्छाअनुसार उहाँको लास धनी मानिसको चिहानमा गाड़ियो ।

क) प्रभु येशूको लास कसले पिलातसबाट मागे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) तिनी कस्ता मानिस थिए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ)...

आ) ...

इ) ...

ग) तिनले प्रभु येशूको लास कहाँ राखे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८. हप्ताको पहिलो दिन अर्थात् आइतबारको दिन प्रभु येशू मरेकाहरूबाट जिइउठ्नुभयो । उहाँ हामी सबैका निम्ति मृत्यु चाखेर मुक्तिको ढोका खोलिदिनुभयो । हाम्रा निम्ति उहाँ मृत्युमाथि विजय हुनुभयो । उहाँ सधैं जीवित रहनुहुने प्रभु हुनुहुन्छ । उहाँकहाँ आउनेलाई प्रभु येशूले पूर्ण रुपले बचाउन सक्नुहुन्छ । प्रभु येशू सबै विश्वासीहरूको बलियो सहारा हुनुहुन्छ । उनीहरूलाई अब कुनै दुष्ट शक्तिदेखि डर छैन; किनकि विजयी प्रभु तिनीहरूको साथमा हुनुहुन्छ । त्यस विजयको दिनको घटनामा ध्यान दिऔं ।

क) सुगन्धित मसाला लिएर आउनेहरूले के भेट्टाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) चिहानभित्र पसेर तिनीहरूले के कुरा भेट्टाएनन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) स्वर्गका दूतहरूले के समाचार सुनाए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) गालीलमा हुँदा आफ्नो विषयमा प्रभु येशूले आफ्ना चेलाहरूलाई के के हुनु आवश्यक छ भनी बताउनुभएको थिया ?
अ)...
आ) ...
इ) ...

९. प्रभु येशूको मृत्यु र बौरिउठाई परमेश्वरको इच्छा र योजनाअनुसारको थियो भन्ने पक्का गवाही पवित्रशास्त्रले हामीलाई दिन्छ । के तपाईंले यसको साक्षी ग्रहण गर्नुभएको छ ?
पवित्रशास्त्र बाइबलअनुसार प्रभु येशू किन मर्नुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ १५

## माछा मार्ने जालको उखान

के तपाईं कुनै दिन माछा मार्न जानुभएको छ ? वा कहीं जालहारीले जाल हानिरहेको देख्नुभएको छ ? प्रभु येशूले संसारको अन्तमा हुने परमेश्वरको न्याय एउटा महाजालसित तुलना गर्नुहुन्छ, जसभित्र किसिम-किसिमका माछा पक्रियो । जालहारीले खराब र असल माछालाई छुट्ट्याएझैं परमेश्वरले न्यायमा दुष्ट र धर्मीहरूलाई छुट्ट्याउनुहुनेछ । त्यस बेला दुष्टहरूको दशा कस्तो हुनेछ, हेरौं ।

क) जाल समुद्रमा हानिएपछि यसमा के-कस्तो माछा पक्रियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) जाल भरिएपछि जालहारीहरूले के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. तिनीहरूले बसेर माछा केलाए ।
क) असल माछालाई तिनीहरूले के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) खराब माछालाई तिनीहरूले के गरे ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. यस संसारमा दुष्ट र धर्मी मानिसहरू सँगै बस्छन् । तर एकदिन उनीहरू एक-अर्काबाट छुटिन्छन् ।
क) त्यो दिन कहिले हुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) त्यस दिन स्वर्गका दूतहरूले के गर्नेछन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. धर्मीहरूको कारणले दुष्टहरूले पनि संसारमा धेरै उत्तम कुराहरू उपभोग गर्न पाउँछन्, किनभने परमेश्वर दुवैप्रति कृपालु हुनुहुन्छ । तर संसारको अन्तमा दुष्टहरू खराब माछाझैं अफालिनेछन् । त्यस बेला धेरैले पापदेखि पश्चात्ताप गर्न खोज्छन्, तर त्यसको निम्ति मौका पाउनेछैनन् । उनीहरूले सदासर्वदा विलाप गर्नेछन् ।
क) स्वर्गदूतहरूले दुष्टहरूलाई कहाँ फाल्नेछन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) तिनीहरूको दशा कस्तो हुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६. लगभग दुई हजार वर्षअघि प्रभु येशू यस संसारमा आउनुभयो । उहाँ हाम्रो मुक्तिदाता हुनलाई हाम्रा पापहरूको निम्ति क्रूसमा मर्नुभयो । मरेकोहरूबाट बौरिउठेपछि उहाँ स्वर्ग जानुभयो र परमेश्वर पिताको दाहिने हातमा सिंहासनमा बस्नुभयो । उहाँ स्वर्गका मालिक हुनुहुन्छ । चाँड़ै प्रभु येशू फेरि संसारमा आउनुहुनेछ । त्यस बेला उहाँ संसारको मालिक र न्यायकर्ता भएर ठूलो महिमा र शक्तिको साथ प्रकट हुनुहनेछ । अनि सबै मानिसहरूले उहाँलाई देख्नेछन् । प्रभु येशू इस्राएल देशको राजधानी यरुशलेमदेखि सारा संसारलाई एक हजार वर्षसम्म शासन गर्नुहुनेछ । उहाँको शासनकालमा संसारभरि लड़ाइँ हुनेछैन, तर सबै मानिसहरूको बीचमा शान्ति हुनेछ । किनभने उहाँ शान्तिको राजा हुनुहुन्छ । तर एकदिन उहाँ सेतो सिंहासनमा बसेर सारा संसारका मानिसहरूको न्याय गर्नुहुनेछ ।
सिंहासनको सामुन्ने को को उभिनेछन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

७. न्याय हुँदा प्रभु येशूले पुस्तकहरू खोल्नुहुनेछ, जुन पुस्तकहरूमा हरेकको जीवनको सम्पूर्ण रेकर्ड लेखिएको हुन्छ । अनुमान गरेर उहाँले हाम्रो न्याय गर्नुहुनेछैन, तर ती रेकर्डअनुसार हाम्रा कामहरूको उचित प्रतिफल दिनुहुनेछ । उहाँ धर्मी न्यायाधीश हुनुहुन्छ, जससँग हामी हरेकको जीवनको पूरा ज्ञान हुन्छ । किनभने उहाँको नजरबाट कुनै कुरा छिपेको छैन । तपाईंका सबै कर्महरू उहाँको दृष्टिमा खुला छन् । एकदिन तपाईं उहाँलाई तपाईंको जीवनको हिसाब बुझाउनुपर्छ ।
तब के अनुसार मरेकाहरूको इन्साफ हुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८. प्रभु येशूसित जीवनको पुस्तक पनि हुँदो रहेछ । त्यो पुस्तक पनि खोलिनेछ । त्यस जीवनको पुस्तकभित्र प्रभु येशूमाथि विश्वास गरी मुक्ति पाएकाहरू सबैका नामहरू लेखिएका हुन्छन् । यदि तपाईंले पापदेखि पश्चात्ताप गरेर प्रभु येशूमाथि विश्वास गर्नुभयो भने तपाईंको नाम पनि त्यही पुस्तकमै लेखिएको हुन्छ । त्यस बेला प्रभु येशूले तपाईंको नाम जान्नुहुनेछ; किनभने उहाँले तपाईंलाई समयमा बचाउनुभयो र अनन्त जीवन दिनुभयो । तर हाय त्यसलाई, जसको नाम जीवनको पुस्तकमा लेखिएको हुँदैन ।

जीवनको पुस्तकमा हाम्रो नाम लेखिएको छैन भने हाम्रो हालत के हुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## मुक्तिको समय अहिले हो

*"अनि मलाई पठाउनुहुनेको इच्छा यो छ – हरेक जन, जसले पुत्रलाई देख्छ र उनीमाथि विश्वास गर्छ, उसले अनन्त जीवन पाओस्; अनि म उसलाई अन्तिम दिनमा बौराएर उठाउनेछु ।" यूहन्ना ६:४०*

*येशूले तिनलाई भन्नुभयो: "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन ।" यूहन्ना १४:६*

*"ढोका म नै हुँ, कोही मबाट भित्र पस्यो भने उसले मुक्ति पाउनेछ, अनि भित्र र बाहिर जानेछ, अनि खर्क पाउनेछ ।" यूहन्ना १०:९*

*"असल गोठालो म नै हुँ । असल गोठालोले भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्दछ ।" यूहन्ना १०:११*

*"हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु ।" मत्ती ११:२८*

*म उद्धारको कचौरा लिएर परमप्रभुको नाम पुकार्नेछु । भजनसंग्रह ११६:१३*

के तपाईं पापको क्षमा पाउन चाहनुहुन्छ ? के तपाईं एउटा शुद्ध हृदयको चाह गर्नुहुन्छ ? के पाप नगर्ने, तर परमेश्वरको आज्ञा पालन गर्ने शक्ति तपाईंलाई खाँचो छ ? के तपाईं स्वर्ग, परमेश्वरको अनन्त राज्यमा पस्न चाहनुहुन्छ ? के तपाईंको चाहना हो भने हामी तपाईंलाई एउटै उपाय मात्र देखाउन सक्छौं । प्रभु येशूमाथि विश्वास गरी हामीले परमेश्वरका यी आशिषहरू सित्तैंमा पायौं । यसैले तपाईं पनि यी आशिषहरू पाउनलाईं जीवित प्रभु येशूमाथि विश्वास गर्नुहोस् भनी हामी तपाईंलाई प्रेमसाथ विन्ती गर्छौं । प्रभु येशू तपाईंलाई आज नै मुक्ति दिन तयार हुनुहुन्छ; किनभने उहाँ तपाईंको निम्ति पनि क्रूसमा मर्नुभएको हो । आज उहाँ तपाईंलाई बोलाउँदै हुनुहुन्छ । प्रभु येशूकहाँ आउनुहोस् र मुक्ति पाउनुहोस् । तपाईं यसो गर्नुहुन्छ भने आज तपाईंको निम्ति मुक्तिको दिन हुनेछ ।

१. यूहन्ना ६:४० – हाम्रो निम्ति परमेश्वरको इच्छा के छ ?

क) हामीले के गर्नुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) प्रभु येशूमाथि विश्वास गर्नेहरूलाई के मिल्नेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) अन्तिम दिनमा प्रभु येशूले के गर्नुहुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. यूहन्ना १४:६ – परमेश्वर पिताकहाँ जाने बाटो प्रभु येशू मात्र हुनुहुन्छ भन्ने कुरा हामी यस पदबाट थाह पाउँछौं । पवित्र परमेश्वर र पापी मानिसहरूको बीचमा उहाँ एकमात्र मध्यस्थ हुनुहुन्छ; किनभने उहाँले हाम्रो निम्ति क्रूसमा मरेर छुटकाराको दाम तिरिदिनुभयो र मेलमिलापको बाटो खोलिदिनुभयो । प्रभु येशू मात्र पापीहरूलाई खोज्न र बचाउन आउनुभएको छ । उहाँ संसारको मुक्तिदाता हुनुहुन्छ । अरु कसैबाट मुक्ति छैन, प्रभु येशूको नाममा मात्र मुक्ति र अनन्त जीवन छ । उहाँ मरेकाहरूबाट बौरिउठ्नुभएको जीवित प्रभु हुनुहुन्छ; उहाँसँग स्वर्ग र पृथ्वीको पूरा अधिकार छ ।

क) यस पदमा प्रभु येशूले 'म हुँ' भन्दै आफ्नो विषयमा के-के कुरा दाबी गर्नुभएको छ ।

अ)....

आ)...

इ) ...

ख) स्वर्ग कसरी पुगिन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. यूहन्न १०:९ इस्राएल देशमा चारैतिर बार लगाइएको भेड़ाका गोठहरू थिए । गोठभित्र पस्ने एउटै ढोका मात्र थियो । प्रभु येशूले आफूलाई गोठको ढोकासित तुलना गर्नुहुन्छ । तर उहाँचाहिँ मुक्तिको ढोका हुनुहुन्छ । गोठको ढोकाबाट भित्र पसेको भेड़ा मात्र सुरक्षित थियो भने प्रभु येशूमाथि विश्वास गर्नेले मात्र मुक्ति पाउँछ । यसकारण हामी उहाँबाट भएर परमेश्वरको राज्यभित्र प्रवेश गरौं ।

खालि ठाउँ भर्नुहोस् :

मबाट कोही मानिस पस्यो भने ...

४. यूहन्ना १०:११ – भेड़ा चराउने दुई किसिमका गोठालाहरू हुन्छन् । ज्यामीले खालि पैसा कमाउने उद्देश्यले भेड़ा चराउँछ । त्यसले भेड़ाको वास्ता गर्दैन, नता उनीहरूको निम्ति आफ्नो प्राण खतरामा हाल्छ । असल गोठालो भेड़ाको निम्ति आफ्नो प्राण दिन तयार हुन्छ । प्रभु येशू हाम्रो आत्माको असल गोठाला हुनुहुन्छ; किनभने उहाँले हाम्रो निम्ति आफ्नो ज्यान दिनुभयो । के तपाईंले असल गोठालालाई चिन्नुभयो ? के तपाईं यस असल गोठालाकहाँ फर्कनुभयो र आफ्नो जीवन उहाँको जिम्मामा छोड्नुभयो ?

के गरेर असल गोठालाले भेड़ालाई आफ्नो प्रेमको प्रमाण दिन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. मत्ती ११:२८ – पाप गर्ने मानिस पापको दास हुनुपर्छ । पाप हाम्रो जीवनमा राज्य गर्छ भने हामीले अनेक किसिमको पापका अभिलाषाहरू पूरा गर्नुपर्छ । अधर्मको वशमा जिउने मानिसको अन्त मृत्यु हो । कति मानिसहरूको निम्ति शुरुमा पाप मीठो हुन्छ । तर पछि त्यसको बिषले पूरा काम गर्छ र तिनीहरूलाई नाश पार्छ । कति मानिस पापको बोझले थिचिएका छन् । यसैले धर्म नियम पालन गरेर तिनीहरूले परमेश्वरलाई खुशी पार्न चाहन्छन् । तर यसो गर्नेहरूले आफूमाथि झन् ठूलो भार थपेका छन्, किनभने धर्मकर्म गरेर कुनै मानिस पापबाट मुक्त भएको छैन । पापको वशबाट छुटकारा

पाउनलाई हामी प्रभु येशूकहाँ जानुपर्छ । 'मकहाँ आओ' भनेर उहाँले हामीलाई प्रेम गरी निम्तो दिनुहुन्छ । तर जबसम्म मानिसले पापको शक्तिबाट छुटकारा पाउनलाई खूब कोशिश गरेर पापसित हार खाँदैन, तबसम्म कोही पनि प्रभु येशूकहाँ आउँदैन । पापको भारीले हामीलाई कतिसम्म दबाउन पाउँछ ? हामी कहिले प्रभु येशूकहाँ जाऔं र आफ्नो मनमा आराम पाऔं ?

क) परिश्रम गर्ने र बोझले दबिएकाहरूलाई प्रभु येशूले कस्तो निम्तो दिनुहुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) त्यो निम्तो स्वीकार गर्नेले के पाउँछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६. भजनसंग्रह ११६:१३ – परमेश्वरसित दुईटा कचौरा छन्: एउटा आशिषको कचौरा, र अर्कोचाहिँ श्रापको कचौरा । तपाईं कुन कचौराबाट पिउन चाहनुहुन्छ ? कि त परमेश्वरले प्रभु येशूमा तयार गर्नुभएको मुक्ति तपाईं ग्रहण गर्नुहुन्छ र यसको निम्ति उहाँलाई सधैं धन्यवाद चढाउनुहुनेछ; कि त एकदिन परमेश्वरको क्रोध तपाईंमाथि आइपर्नेछ र आफ्ना पापको सजाय भोग्दै तपाईं सदासर्वदा नरकको कहिले ननिभ्ने आगोमा पीड़ामा तड्पिरहनुहुनेछ । मुक्तिको दिन अहिले नै हो, कृपा पाउने समय अहिले नै हो । आज नै प्रभु येशूमाथि विश्वास गर्नुहोस्, तब तपाईं उहाँको मुक्तिमा सधैं रमाउनुहुनेछ ।

के लिएर हामी परमप्रभुको नामको पुकार गर्न सक्छौं ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)